तिलोत्तमा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
कुञ्जलापुर, मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी एवं बिक्री कार्यको बोलपत्र आव्हानको सूचना
## (विद्युतिय बोलपत्र)

(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०७)

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६२ क, रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन-२०२०, ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन कार्यविधि-२०७७ र यस तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन-२०८० को दफा ८ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् एवं बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनी सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | बोलपत्र नं. | उत्खनन् गरिने नदी घाटको नाम | उत्खनन् गर्नुपर्ने परिमाण (घ फि) | न्यूनतम कबोल रकम रु. (मू.अ.कर बाहेक) | धरौटी | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | आय १८-२०८०/०८१ | तिनाउ नदीको - डिंगरनगर घाटक्षेत्र, वडा नं.-४ | १४,२२,५०० | २,५६,०५,०००।- | मू.अ.कर सहितकोकबोल अंकको ५ प्रतिशतले हुने रकमको बैंक भौचर वा सो बराबरको बैंक जमानत | ५०००।- |
| २ | आय १९-२०८०/०८१ | तिनाउ नदीको - गोरकट्टा १ र २ घाटक्षेत्र, वडा नं. ६ | ७,०२,५०० | १,२६,४५,०००।- | | ३०००।- |
| ३ | आय २०-२०८०/०८१ | तिनाउ नदीको - हरपुर घाटक्षेत्र, वडा नं. ६ | ८,०७,५०० | १,४५,३५,०००।- | | ३०००।- |
| ४ | आय २१-२०८०/०८१ | तिनाउ नदीको - पहुनी घाटक्षेत्र, वडा नं. ६ | १५,८५,५०० | २,८५,३९,०००।- | | ५०००।- |

<u>ठेक्का सम्बन्धि शर्तहरुः</u>

१ ईजाजत प्राप्त निमार्ण व्यवसायी वा ढुंगा, गिट्टी, बालुवा सप्लाई सम्बन्धि कारोवार गर्नका लागि दर्ता/ नविकरण भएका फर्मको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर वापत को रकम NIC ASIA बैंकमा तिलोत्तमा नगरपालिका कार्यालयको नाममा रहेको राजश्व खाता नं. १०५२०५५४९९५९९०१२ मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको रकम दाखिला गरेको बैंक भौचर पेश गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ ।Letter of Bid र स्वघोषणा पत्रलाई ठेक्काको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

२ बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२ बजे भित्र www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ ।

३ आफुले कबोल गरेको अङ्कमा मू.अ.कर समेत जोडी हुन आउने रकमको ५% ले हुन आउने धरौटी रकम NIC ASIA बैंकमा रहेको यस तिलोत्तमा नगरपालिका कार्यालयको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरी सोको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड बोलपत्रसाथ समावेस गर्नुपर्नेछ ।

४ रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको दुई बजे सम्बन्धित बोलपत्रदाता फर्मका प्रोपाईटर वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५ प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २५औं दिन दिनको २.०० बजे तिलोत्तमा नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नेछन् । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६ बोलपत्र सम्बन्धी थप जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७ बोलपत्र स्वीकृत भएमा सोको सूचना पत्र वा ईमेल वा फोनबाट पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकमको लागि नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०८१ साल आश्विन मसान्त सम्मको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंकको १३ प्रतिशत मूल्य अभिवृद्धि कर यसै कार्यालयमा दाखिला गर्नुपर्नेछ ।यस्तो रकम कार्यालयले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरिदिनेछ । साथै १.५ प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम बोपत्रदाता स्यमंले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरि भौचर पेश गर्नुपर्नेछ ।

८ तोकिएको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएमा वा लिन मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्फौता गर्नुपर्ने अवस्थामा सम्फौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलकर्तावाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ

**उत्खनन् सम्बन्धि शर्तहरु**

१. ठेक्का स्वीकृत भएपछि नगरपालिकाका प्रतिनिधि समेतको रोहबरमा प्राविधिकबाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ । सोही सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् एवं संकलन गर्नुपर्नेछ ।

२. सामान्यतया नदीजन्य पदार्थको उत्खनन् स्थानीय जनशक्तिबाट हात, र हाते औजार जस्तै सावेल, हथौडा, कोदालो, गैति आदी लगायत प्रयोग गरि गर्नुपर्नेछ । मशिनको प्रयोग प्रयोग गर्नुपर्ने भएमा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४(४) बमोजिम हुनेछ

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

३. उत्खनन् तथा संकलनका लागि साधन सहित नदी प्रवेश गर्दाका बखत तोकिए बमोजिमको प्रवेश आदेश लिएर मात्र प्रवेश गर्न सकिनेछ ।

४. बोलपत्रदाताले उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ्य र दुर्घटना बीमा आदीको प्रबन्ध मिलाउनुपर्नेछ ।

५. उत्खननको समय विहान ७ बजे देखि प्रारम्भ गरि साँझ ७ बजे सम्म मात्र गर्नुपर्नेछ ।

६. उत्खनन् गर्दा नदीको धारलाई असर नपार्ने गरि तथा सिँचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपार्नेगरि गर्नुपर्नेछ । उत्खनन् क्रममा काम नलाग्ने भनि छाडिएका मालबस्तुलाई जुन स्थानबाट निकालिएको हो सोही स्थलमा मिलाएर राख्नुपर्नेछ ।

७. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको पाईएमा वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन गरेको पाईएमा सोको परिमाण एकिन गरी बढी परिमाणमा ठेकेदारबाट १०% हर्जाना सहित राजश्व असुली गरिने छ ।

८. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ र ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन कार्यविधि, २०७७, रकम र सरकारी ठेक्का व्यवस्था ऐन, २०२०, सार्वजनिक खरिद ऐन २०६४ तथा सार्वजनिक खरिद नियमावली २०६४ र यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**घाटगद्दि सम्बन्धि शर्तहरु**

१. उत्खनन् एवं संकलन गरेको नदीजन्य पदार्थ उत्खनन् गरेको स्थलबाट ढुवानी गरि तोकिएको स्थानमा मात्र घाटगद्दि गर्नुपर्नेछ । घाटगद्दि गर्दा नापजाँच गर्न मिल्ने किसिमले चट्टा मिलाई गर्नुपर्नेछ । अव्यवस्थित तवरले घाटगद्दि गरेको कारणले नाप लिन कठिनाई परेमा ठेकेदारले नाप लिन मिल्ने किसिमले चट्टा मिलाउनु पर्नेछ ।

२. उत्खनन् अवधिभर बिक्री गर्न पाईनेछैन । घाटगद्दि स्थल सम्बन्धि विवरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**घाटगद्दिबाट बिक्री वितरण तथा ओसार पसार सम्बन्धि शर्तहरु**

१. उत्खनन् कार्य समाप्त भएपछि सम्बन्धित ठेकेदारले नापजाँचको लागि नगरपालिकामा अनुरोध गर्नुपर्नेछ ।

२. नगरपालिकाले प्राविधिक खटाई घाटगद्दिमा रहेको मालको परिमाण एकीन गराउनुपर्नेछ ।

३. प्रतिनिधिहरुको रोहवरमा प्राविधिकले नापजाँच गरि प्रतिवेदन दिएपछि मात्र नगरपालिकाले घाटगद्दिबाट बिक्री एवं ओसारपसार गर्न अनुमति दिईनेछ ।

४. ढुवानी गर्दा सवारी साधनको टाली/ढाला भन्दा माथि सम्म आउने गरि मालवस्तु भरेर बाटोमा खसाल्दै ढुवानी गर्न पाईने छैन । साथै टाली/ढाला राम्रोसंग बन्द गरि बाटोमा नखस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५. ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै राम्रोसंग ढाकेर लैजानु पर्नेछ र सवारीको गति समेत ४० कि.मी. प्रति घण्टा भन्दा बढीमा हाक्न पाउने छैन । साथै ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

६.. नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।

**अन्य शर्तहरु**

१. वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पुर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालना गर्नु पर्नेछ

२. मूलबाटोबाट घाटतर्फ सवारी साधन प्रबेश हुने मार्गको नियमित मर्मत गर्ने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ । सो वापतको खर्च रकम दावी गर्न पाईने छैन ।

३. नगरपालिका र ठेकेदार विच ठेक्का संचालन सम्बन्धि विवाद परि वा अन्य कुनै कारणबाट नगरपालिकालाई तिर्नुपर्ने रकम बाँकी रही असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिनेछ । असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ति स्वरुप असुल गर्न सकिनेछ ।

५. बोलपत्र प्रकृयामा सहभागि हुन ईच्छुकले पहिल्यै उत्खनन् स्थलको अवलोकन गरी अवस्थाको सुनिश्चितता गरेर मात्र प्रकृयामा सहभागि हुनुपर्नेछ । कुनै द्विविधा भएमा Pre Bid Meeting मा विषय उठान गरि स्पष्ट हुन सकिनेछ तर बोलपत्र प्रकृयामा सहभागि भईसकेपछि कुनै प्रकारको विवाद गर्न पाईनेछैन । साथै कुनै परिमाण वा गुणस्तरको कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावी वा अन्य स्थलबाट उत्खनन् गर्न मागदावी गर्न पाईने छैन ।

६. यस नगरपालिकामा बक्यौता तिर्न बाँकी रहेका व्यक्ति वा फर्महरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

७. यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner